कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिम देहाय बमोजिमको विवरण रहेको छ ।

## आ.व. २०८२/८३ को चौथो त्रैमासिक विवरण

### १. निकायको स्वरुप र प्रकृति :

कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक कम्पनीको रुपमा स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार संचालन गर्न नेपाल राष्ट्र बैंकबाट **“ख”** वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक ।

### २. निकायको काम कर्तव्य र अधिकार :

यस बैंकको काम कर्तव्य र अधिकार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था तथा अन्य प्रचलित ऐन बमोजिम हुनेछ ।

### ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

यस बैंकको २०८३ असाढ मसान्त सम्म कुल कर्मचारी संख्या ९६९ रहेको छ । कर्मचारीहरुको कार्य विवरण पदिय दायित्व, जिम्मेवारी तथा बिभाग बमोजिम अलग अलग रहेको छ भने बैंकको प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापन तहको कर्मचारीहरुको विवरण यस बैंकको वेबसाईट **https://kamanasewabank.com/management-team** मार्फत जानकारी गरिएको छ ।

### ४. निकायबाट प्रदान गरिने सेवा :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा अन्य प्रचलित ऐन बमोजिम “ख” वर्गाका इजाजतपत्रप्राप्त बैंकले दिन सक्ने भनी उल्लेख गरिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

### ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

बैंकको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेबसाईट **www.kamanasewabank.com** मा राखिएको छ ।

### ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

बैंकले प्रदान गर्ने विभिन्न प्रकारका सेवाहरुको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरुको सूचना तथा जानकारी बैंकको वेबसाइट **www.kamanasewabank.com** मा जानकारी गरिएको छ ।

### ७. निर्णय गर्ने प्रकृया र अधिकारी :

बैंकको अन्तिम निर्णयकर्ता बैंकको सञ्चालक समिति तथा सञ्चालक समिति स्तरको विभिन्न उप समिति गठन गरी निर्णय गरिने व्यवस्था अवलम्बन गरिएको छ भने बैंकको दैनिक कार्य प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार सञ्चालक समितिले विभिन्न उपसमिति तथा प्रमुख कार्यकारी अधिकृतलाई अख्तियार प्रत्यायोजन गर्ने र प्रमुख कार्यकारी अधिकृतले प्राप्त गरेको अख्तियारी पद तथा जिम्मेवारी र आवश्यकता अनुसार अन्य कर्मचारीमा पुन: प्रत्यायोजन गरी कार्य गर्ने व्यवस्था अवलम्बन गरिएको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

बैंकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुनुवाईको लागि देहाय बमोजिमको गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

**रघुनाथ त्रिपाठी**
**कामु प्रमुख संचालन अधिकृत**
**इमेल : customercare@kamanasewabank.com**
**फोन नं : ९८५१३६६३१० /०१-५९७००३०**

**९. सम्पादन गरेको कामको विवरण :**

यस बैंकले कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था तथा अन्य प्रचलित ऐन बमोजिम "ख" वर्गका बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न देहाय बमोजिमका सूचना अधिकारी तोकिएको छ :

**क) बैंकको सूचना अधिकारीको नाम र पद :**
**नाम: विनय दाहाल**
**पद : नायब प्रमुख कार्यकारी अधिकृत**
**इमेल : info@kamanasewabank.com**
**फोन नं :+९७७-०१-४५४०११५**

**ख) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :**
**नाम: दिनेश थकाली**
**पद : प्रमुख कार्यकारी अधिकृत**

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ :

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- विनिमय अधिकारपत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी देवानी कार्यबिधी संहिता, २०७५
- मुलुकी अपराध संहिता, २०७४

- मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४
- उल्लिखित ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
- नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका एवं परिपत्रहरु
- अन्य आवश्यक प्रचलित ऐन, नियम, विनियमहरु

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक वित्तीय विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी जानकारी गराईने व्यवस्था रहेको छ । साथै, उक्त प्रकाशित विवरण पुनः बैंकको वेबसाईट **www.kamanasewabank.com** मा समेत राखिएको छ ।

**१३. तोकिए बमोजिमको अन्य विवरण :** नभएको ।

# **सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :**

**क.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**
यस बैंकले बैकिङ्ग कारोवार तथा सेवा सम्वन्धि कार्य गर्दै आएको छ, सो वाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । बैंकको त्रैमासिक व्यवसायिक कारोवार/प्रगती प्रतिवेदन/विवरण बैंकको वेवसाइट **www.kamanasewabank.com** बाट प्राप्त गर्न सकिनेछ ।

**ख. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :**
यस बैंकको एक आधिकारिक वेबसाईट **www.kamanasewabank.com** रहेको छ ।

**(ख१). सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
नभएको ।

**(ख२). सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**
यस बैंकले बैकिङ्ग कारोवार तथा सेवा सम्वन्धि कार्य गर्दै आएको छ, सो वाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । बैंकको त्रैमासिक व्यवसायिक कारोवार/प्रगती प्रतिवेदन/विवरण बैंकको वेवसाइट **www.kamanasewabank.com** बाट प्राप्त गर्न सकिनेछ ।

**(ख३). सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**
बैंकले सूचनाको कुनै वर्गिकरण गरेको छैन । सूचनामा अनाधिकृत पहुँच नहुने गरी प्रचलित कानून बमोजिम सूचनाको संरक्षण गरिएको ।

**(ख४). सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**
यस आर्थिक वर्ष (२०८२/८३) को चौथो त्रयमाश (अषाढ मसान्त २०८३ सम्म) यस बैंकमा सूचना माग सम्बन्धी कुनै निवेदन नपरेको ।

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
बैंकको आवधिक वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाईट मार्फत जानकारीको लागि प्रकाशन गर्ने गरिएको छ ।

मिति : २०८३/०४/०६